बाँसगढी नगरपालिका नगर कार्यपलिको बैठक नं.१५२ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८३/०३/०५ समय:बिहानको ८:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

प्रस्ताव नं.: १

प्रस्तावको विषय : आ.ब.२०८३।०८४ को बार्षिक निति तथा कार्यक्रम सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

निर्णय हुनुपर्ने विषय : आ.ब.२०८३।०८४ को बार्षिक निति तथा कार्यक्रम सम्बन्धमा।

भएको निर्णय :यस बाँसगढी नगरपालकाको आगामी आ.ब. २०८३।०८४ को तपसिल अनुसारको बार्षिक निति तथा कार्यक्रम पारित गरी मिति २०८३।०३।०६ गते बस्ने १९ औ नगर सभाको प्रथम बैठकमा पेश गर्ने।

तपशिल

नगर प्रमुखको रुपमा बाँसगढी नगरनगरपालिकाको गरिमामय १९ औ नगर सभा समक्ष स्थानीय सरकारको तर्फबाट आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु। सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सुदृढीकरण, राष्ट्रिय गौरव, एकता र अखण्डताको लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान् शहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न ऐतिहासिक आन्दोलनका क्रममा वेपत्ता भएका नागरिक तथा घाइते योद्धा, शहिद परिवार एवम् राजनीतिक परिवर्तन, जनक्रान्तिका विभिन्न आन्दोलनमा अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण देशवासी आमा, बुवा, दाजुभाई, दिदीवहिनीहरुलाई स्मरण गर्दछु।

सार्वभौम जनताको प्रतिनिधि भई यस नगरपालिकालाई **"सुन्दर, हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर"** बनाउन स्थानीय सरकार प्रतिवद्ध छ। सामाजिक न्याय सहितको सुशासन, विकास र समृद्धि हासिल गर्न, नगरवासीलाई हाम्रो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धी प्रति गौरव बोध गराउन, जनतामा थप आशा र भरोसा जगाउन र सुशासन कायम गरी दण्डहिनता अन्त्य गर्न स्थानीय सरकार प्रतिवद्ध छ। नगरवासीका भावना तथा आवश्यकतालाई प्राथमिकताको आधारमा क्रमश: पूरा गर्दै अगाडि बढ्ने संकल्प सहित **"डिजिटल, समावेशी र समुन्नत बाँसगढी नगर"** का रुपमा विकास गर्न सचेत, निष्ठावान र संस्कारयुक्त समाजको निर्माण तथा साँस्कृतिक पुनर्जागरण गरी सामाजिक समृद्धिको जनआकांक्षा पूरा गर्न हरेक दिन प्रयासरत रहेको र आगामी दिनमा समेत नगरबासीको आवश्यकतालाई शिरोपर गर्दै लोकतान्त्रिक, पारदर्शी र जनउत्तरदायी सरकारको अनुभूति दिलाउने प्रतिबद्धता व्यक्त गर्दछु। भौगोलिक विविधता, प्राकृतिक स्रोतको प्रचुरता र सांस्कृतिक सम्पन्नताले सुसज्जित यस नगरपालिका सदैव नागरिक केन्द्रित विकासको संवाहक रहँदै आएको छ। कृषि, पर्यटन, जलस्रोत र साना तथा मझौला उद्यमको जगमा उभिएको यस नगरपालिकाले नेपालको संविधानको मर्म अनुरुप स्थानीय स्वायत्तता र सहभागितामूलक लोकतन्त्रको अभ्यास गरिरहेको छ। जल, जमिन, जङ्गल, जडीबुटी र जनशक्तिको उच्चतम उपयोग गर्दै आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम राख्न हामी प्रतिबद्ध छौं।

**सभा सदस्यज्यूहरु,**

विगतका आर्थिक वर्षहरूमा सडक सञ्जालको विस्तार, आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच, विद्यालयहरूको भौतिक पूर्वाधार सुधार र कृषिमा आंशिक यान्त्रिकीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भएका छन्। वित्तीय अनुशासन कायम गर्ने, बेरुजु न्यूनिकरण, आन्तरिक राजस्व संकलनको दायरा बढाउने र सेवा

बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाँसगढी, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नेत्र बहादुर बली
प्रमुख प्रशासकीय अधिकृत

प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउने प्रयासहरू सुरु भएका छन्। तथापि, केवल पूर्वाधार निर्माणले मात्र गुणात्मक परिवर्तन सम्भव छैन भन्ने मुख्य सिकाई रहेको छ। चालु आवधिक योजनाको समीक्षा गर्दा लक्षित वर्गको आर्थिक सशक्तीकरण, रोजगारी सिर्जना र पूर्वाधारको दिगोपना सुनिश्चित गर्न अझै एकीकृत प्रयासको आवश्यकता देखिएको छ। अनुत्पादक क्षेत्रको खर्च कटौती गर्दै रुपान्तरणकारी आयोजनामा लगानी केन्द्रित गर्नु आजको प्रमुख आवश्यकता हो। आगामी आर्थिक वर्ष २०८३/०८४ को विकास दृष्टिकोण समन्यायिक, दिगो, वातावरण मैत्री, नवप्रवर्तनकारी र सूचना प्रविधिमा आधारित हुनेछ। उपलब्ध साधन र स्रोतको समन्यायिक वितरण गर्दै विपन्न, सीमान्तकृत र पिछडिएका वर्गलाई विकासको मूल प्रवाहमा समाहित गरिनेछ। सामाजिक विकास सँगै 'हरित र उत्थानशील पूर्वाधार' निर्माण गर्दै आर्थिक गतिविधि प्रवर्द्धन गर्ने तर्फ हाम्रा सम्पूर्ण कार्यक्रमहरू निर्देशित हुनेछन्। यस नगरपालिकाको मूल मन्त्र **"समृद्ध स्थानीय सरकार, सुखी नागरिक"** हो। स्थानीय सरकार समृद्ध हुनु भनेको वित्तीय रूपमा आत्मनिर्भर, संस्थागत रूपमा सक्षम र उत्तरदायी हुनु हो। नागरिक सुखी हुनु भनेको गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, सुरक्षित खानेपानी, मर्यादित रोजगारी र आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरणको सुनिश्चितता हुनु हो। यस अवधारणालाई साकार पार्न पूर्वाधार विकासलाई मानव पूँजी निर्माण र आर्थिक उत्पादनसँग प्रत्यक्ष जोडिनेछ।

**सभा सदस्यज्यूहरु,**

अब म यस नीति तथा कार्यक्रमका आधारहरु प्रस्तुत गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको विद्यमान कानुन, आवधिक योजना र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको जगमा तयार गरिएको छ। यसका मुख्य आधारहरू निम्न बमोजिम छन्:

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट,
- नेपाल सरकार तथा प्रदेश सरकारका विद्यमान आवधिक योजनाहरु,
- दिगो विकास लक्ष्य (SDGs),
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,
- बाँसगढी नगरपालिकाको आवधिक योजना,
- बाँसगढी नगरपालिका क्षेत्रगत गुरुयोजना तथा योजनाहरु,
- विषयगत समितिबाट प्राप्त सुझावहरु,
- नागरिकका आवश्यकता, अपेक्षा तथा सुझावहरु।

**सभा सदस्यज्यूहरु,**

उल्लेखित आधारहरुका आधारमा यस नीति तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु :

१. गुणस्तरीय र जीवनोपयोगी शिक्षा तथा स्वास्थ्य सेवामा आम नागरिकको समन्यायिक पहुँच सुनिश्चित गर्ने।
२. सहभागितामूलक, उत्थानशील र जलवायु अनुकूलित पूर्वाधारको विकास गर्ने।
३. स्थानीय कृषि प्रणालीको आधुनीकीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
४. युवा, महिला र श्रमशक्तिको सीप विकास गरी रोजगारी र उद्यमशीलताका अवसरहरू सिर्जना गर्ने।
५. डिजिटल प्रविधि र सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, छिटो र सुशासनयुक्त बनाउने।

नव बहादुर थली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**सभा सदस्यज्यूहरु,**

अब म यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. गरिव तथा जेहन्दार विद्यार्थिहरुको लागि **नगरपालिका छात्रवृति अनुदान कार्यक्रम** संचालन गरिनेछ । बाँसगढी क्षेत्र भित्रका शैक्षिक संस्थाहरुमा अध्ययन गर्ने मुक्त कमैया, कमलहरी, द्वन्द पिडित परिवारका सन्ततीलाई कक्षा १२ सम्म नि:शुल्क अध्ययनको व्यवस्था मिलाइनेछ । संघसंस्थाहरुको सहकार्य समेतमा विपन्न परिवारका बालबालिकाहरुको शिक्षामा पहुँचका लागि आवश्यक शैक्षिक सामग्री उपलब्ध गराईनेछ ।

२. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न 'प्रधानाध्यापक नेतृत्व तथा क्षमता विकास' र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्था गरिनेछ । **प्रविधिमैत्री शिक्षण पद्धतिका लागि सबै** माध्यमिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेट, कम्प्युटर ल्याब र आइसिटी (ICT) उपकरणहरुको व्यवस्था गरिनेछ ।

३. **विद्यालय सुधार कार्यक्रम अन्तर्गत** बालमैत्री, सुरक्षित, लैङ्गिक तथा अपाङ्गमैत्री कक्षा कोठा तथा शौचालय, खानेपानी, खेलमैदानको निर्माण गरिनेछ । पढ्दै कमाउदै, Book Free Friday जस्ता व्यवहारिक सिकाई कार्यक्रमलाई निरन्तरता दिइनेछ । शिक्षक, विद्यार्थी र अभिभावकहरुका लागि उत्प्रेरणा शिक्षा संचालन गरिनेछ ।

४. **"एक वडा एक नमूना बालविकास केन्द्र तथा एक नमूना आधारभूत विद्यालय"** कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक स्रोत, साधन र पूर्वाधारको व्यवस्था गरी निर्धारित मापदण्ड र आवश्यकताका आधारमा विद्यालय मर्ज गर्दै क्रमशः प्रत्येक वडामा नमूना तथा ठूला विद्यालय विकास गर्ने नीति लिइनेछ । बालमैत्री, हरित, सुरक्षित तथा लैङ्गिक हिंसारहित विद्यालय निर्माणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शैक्षिक वातावरण सुधार, पूर्वाधार सुदृढीकरण र समावेशी शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रवर्द्धन गरिनेछ ।

५. **आधारभूत स्वास्थ्य सेवालाई** थप प्रभावकारी, पहुँचयोग्य र गुणस्तरीय बनाउन प्रत्येक नागरिकको स्वास्थ्य विवरण समेटिएको डिजिटल स्वास्थ्य प्रोफाइल (Digital Health Profile) तयार गरिनेछ । आधारभूत स्वास्थ्य केन्द्रहरूमा आवश्यक औषधिहरूको निरन्तर र सहज उपलब्धता सुनिश्चित गरिनेछ । स्वास्थ्य सेवाको दायरा विस्तार, सेवा प्रवाहमा सुधार र नागरिकमैत्री स्वास्थ्य प्रणाली विकासमा जोड दिइनेछ ।

६. निर्माणाधिन नगर अस्पताल भवन यथासिघ्र सम्पन्न गरी नगर अस्पतालको सञ्चालन तथा सुदृढीकरण गर्दै आकस्मिक सेवा, विशेषज्ञ सेवा तथा आधुनिक उपकरणसहितको गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । ल्याब तथा निदानात्मक सेवाको विस्तार गरी नगर अस्पतालबाट उपलब्ध गराइने प्रयोगशाला (Lab) सेवालाई थप भरपर्दो, सुलभ र प्रभावकारी बनाइनेछ। नगरवासीलाई घरदैलोमै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै सेवा पहुँच, सचेतना र गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ ।

७. **मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम** अन्तर्गत गर्भवती महिलाहरूको स्वास्थ्य संस्थामा नियमित जाँच सुनिश्चित गर्दै सुरक्षित प्रसूतिको लागि स्वास्थ्य संस्थामै सुत्केरी हुन प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. किशोरीहरूमा हुने रक्तअल्पता तथा थारु समुदायमा हुने सिकलसेल एनिमिया/थाल्सेमियाको निःशुल्क पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप सुदृढ र प्रभावकारी रूपमा परिचालन गर्दै खाद्य स्वच्छता तथा खाद्य सुरक्षाको अभिवृद्धि गरी समग्र पोषण अवस्थामा सुधार ल्याइनेछ।

नव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

९. **मेरो स्वास्थ्य : मेरो जिम्मेवारी**को मुल मर्म अनुसार नगरपालिकाभित्र आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवाको विस्तार तथा गुणस्तर अभिवृद्धि गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि योग, ध्यान र प्राकृतिक उपचार कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय, समुदाय तथा कार्यस्थलमा नियमित योग–ध्यान अभ्यासलाई प्रोत्साहन गरी नसर्ने रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा नागरिकको समग्र स्वास्थ्य सुधारमा जोड दिइनेछ।

१०. सुरक्षित खानेपानी सुनिश्चित गर्न **"एक घर, एक धारा"** कार्यक्रम अन्तर्गत सबै नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी उपलब्ध गराउने व्यवस्था गरिनेछ। यसका लागि खानेपानी मुहानहरूको संरक्षण, ओभरहेड ट्याङ्की निर्माण तथा वितरण प्रणाली विस्तारलाई तीव्रता दिइनेछ। पानीको गुणस्तर सुनिश्चित गर्न नियमित परीक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ। विद्यालय तथा नगरपालिकाको WASH प्रणालीलाई थप सुदृढ गरी स्वच्छता र स्वास्थ्य प्रवर्द्धन गरिनेछ। तालतलैया, पोखरी, झरना लगायतका प्राकृतिक जलस्रोतहरूको संरक्षण गर्दै पानीका मुहान सुक्न नदिन वाटर रिचार्ज प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११. **'सफा, सुन्दर र स्वस्थ पालिका'** का लागि फोहोरको वर्गीकरण स्रोतबाटै गर्न प्रोत्साहन गरिनेछ। 'प्लास्टिक निषेधित वडा' अभियान सञ्चालन गरिनेछ। प्लाष्टिक प्रयोग निरुत्साहन गर्न जैविक तथा स्थानीय स्रोतमा आधारित झोला उत्पादन तथा प्रयोगमा प्रोत्साहन गरिनेछ।

१२. **लैङ्गिक समानता र महिला सशक्तीकरण** का लागि महिलाहरूलाई कानूनी साक्षरता मार्फत लैंगिक हिंसा तथा विभेद रोकथामका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै हिंसा प्रभावितहरुको मानवअधिकार,न्याय तथा पुनस्थापनाका लागि सहयोग गरिनेछ। वित्तीय साक्षरता र आर्थिक आत्मनिर्भरताका कार्यक्रम मार्फत महिलाहरुको सशक्तिकरण गरिनेछ।

१३. **आत्मनिर्भर छोरी : समानता र समृद्धिको डोरी** अभियानलाई निरन्तरता दिँदै छोरीहरूको शिक्षा, स्वास्थ्य, सुरक्षा तथा आर्थिक सशक्तीकरणलाई प्राथमिकतामा राखिनेछ। उच्च शिक्षा हासिल गर्ने तथा प्राविधिक, व्यावसायिक एवं विज्ञान–प्रविधि लगायतका क्षेत्रमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति, प्रोत्साहन तथा आवश्यक सहयोग उपलब्ध गराइनेछ। **छोरी बचत** कार्यक्रमलाई थप प्रभावकारी, पहुँचयोग्य र परिणाममुखी बनाउँदै छोरीहरूको उज्ज्वल भविष्य, आत्मनिर्भरता र नेतृत्व विकासमा टेवा पुग्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. **आजका बालबालिका भोलिका कर्णधार** हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूको संरक्षण, विकास, सहभागिता र सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ। बालअधिकारको पूर्ण प्रत्याभूति गर्दै बालमैत्री स्थानीय शासनका सबै सूचकहरू पूरा गरी नगरपालिकालाई बालमैत्री नगरपालिकाका रूपमा घोषणा गरिनेछ।

१५. बालश्रम, बालविवाह, बाल हिंसा, बाल दुर्व्यवहार, मानव बेचबिखन तथा लागुऔषध दुर्व्यसन जस्ता बालबालिका माथिका सबै प्रकारका जोखिम र विकृतिहरूको अन्त्यका लागि विद्यालय, अभिभावक, समुदाय तथा सरोकारवाला निकायसँगको सहकार्यमा प्रभावकारी रोकथाम, सचेतना र संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन्। प्रत्येक बालबालिकाले सुरक्षित, स्वस्थ, शिक्षित, सभ्य, संस्कारयुक्त वातावरणमा हुर्कने अवसरको सुनिश्चितता गरिनेछ।

१६. **"ज्येष्ठ नागरिक समाजका अमूल्य सम्पत्ति तथा अनुभव, ज्ञान र जीवनदर्शनका जीवित स्रोत हुन्"** भन्ने भावनालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप, अनुभव र जीवनमूल्यलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न ज्येष्ठ नागरिक मञ्च/चौतारी स्थापना तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकहरूको सम्मानजनक, स्वस्थ र सुरक्षित जीवनयापन सुनिश्चित गर्न ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ

नेत्र बहादुर दली

नागरिकका लागि 'डाक्टर एट होम (Doctor at Home)' कार्यक्रम सञ्चालन गरी घरदैलोमै नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य परामर्श तथा आवश्यक औषधि वितरणको व्यवस्था गरिनेछ।

१७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित समुदाय, आदिवासी/जनजाति, मधेसी समुदाय, मुस्लिम तथा अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपमा विपन्न तथा गरिब परिवार, एकल महिला, बेरोजगार युवा, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी, द्वन्द्वपीडित, विपद् प्रभावित तथा जोखिममा रहेका परिवार, लोपोन्मुख जातजाति तथा सीमान्तकृत समुदाय, वैदेशिक रोजगारबाट फर्किएका युवा तथा श्रमिक, कृषक तथा साना उद्यमी तथा यौनिक अल्पसंख्यकहरूको लागि सामाजिक संरक्षण,सहायता तथा उद्यमशिलताका कार्यक्रम संचालन गरिनेछ।

१८. मानसिक स्वास्थ्य समस्या, गरिबी, पारिवारिक बिछोड तथा अन्य कारणले सडकमा जीवनयापन गर्न बाध्य व्यक्तिहरूलाई आवश्यक उपचार, परामर्श, सीप विकास र पुनःएकीकरण कार्यक्रममार्फत परिवार तथा समाजमा पुनःस्थापना गरिनेछ। सडकमा आश्रित, बेवारिसे तथा जोखिममा रहेका व्यक्तिहरूको पहिचान, उद्धार, संरक्षण र पुनःस्थापनालाई प्राथमिकता दिँदै "सडक मानवमुक्त पालिका" घोषणा गर्ने नीति लिइनेछ। यसका लागि संघ, प्रदेश सरकार तथा सम्बन्धित संघ-संस्थासँग समन्वय गरी असहाय व्यक्तिहरूको तत्काल उद्धार तथा अस्थायी आश्रयस्थल (Shelter Home) स्थापना र सञ्चालन गर्न पहल गरिनेछ।

१९. अशक्त, पूर्ण अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अधिकारलाई सहज, सुरक्षित र सम्मानजनक बनाउन वित्तीय संस्थासँगको सहकार्यमा घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण तथा बैंकिङ सेवा उपलब्ध गराउने व्यवस्थालाई थप व्यवस्थित, प्रभावकारी र दिगो बनाइनेछ। लाभग्राहीको अवस्था, पहुँच तथा आवश्यकतालाई मध्यनजर गर्दै प्रविधिमैत्री सेवा प्रवाह, नियमित अनुगमन तथा समन्वयात्मक संयन्त्रको विकास गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप नागरिकमैत्री, पारदर्शी र विश्वसनीय बनाइनेछ।

२०. दलित समुदायको उत्थान, सशक्तीकरण र समावेशी विकासका लागि छात्रवृत्ति, सीपमूलक तालिम, स्वरोजगार तथा उद्यम विकास, नेतृत्व विकास, सामाजिक सचेतना र आयआर्जन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्। जातीय विभेद तथा छुवाछुत उन्मूलन गर्दै सामाजिक न्याय र समान अवसर सुनिश्चित गरिनेछ।

२१. **"एक वडा, एक खेलमैदान"** को नीति अनुरूप प्रत्येक वडामा खेलमैदान निर्माणलाई जोड दिँदै नगरस्तरीय खेलकुद मैदान तथा कवर्डहललाई थप व्यवस्थित, स्तरीय र उपयोगी बनाइनेछ। नगरस्तरीय खेलकुद प्रतियोगिताहरूको नियमित आयोजना गरी स्थानीय प्रतिभाको पहिचान, विकास र प्रोत्साहन गर्दै खेलकुद क्षेत्रलाई संस्थागत र प्रतिस्पर्धी बनाइनेछ।

२२. **"बाँसगढी खेलाडी: सधैँ अगाडि"** भन्ने मूल मर्मलाई आत्मसात गर्दै नगर खेलकुद विकास समिति मार्फत सबै विधाका खेलकुदहरूको पहिचान, विकास र प्रवर्द्धनलाई निरन्तरता दिइनेछ। खेलाडी उत्पादन, प्रशिक्षण तथा प्रतियोगितात्मक अवसर विस्तार गरी नगरको खेलकुद क्षेत्रलाई व्यवस्थित र सुदृढ बनाइनेछ।

२३. स्थानीय भाषा, कला, संस्कृति, परम्परागत सीप तथा ज्ञानको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण गर्दै थारु बाहुल्यता रहेको यस क्षेत्रमा थारु भाषा, संस्कृति तथा अन्य रैथाने स्थानीय भाषा, लोकनाच,लोकबाजा र सांस्कृतिक चाडपर्वहरूको संरक्षण तथा अभिलेखीकरण गरिनेछ। मौलिक सांस्कृतिक पहिचानको जगेर्ना गर्दै सांस्कृतिक विविधतालाई नगरको गौरवका रूपमा स्थापित गर्ने नीति लिइनेछ।

२४. धार्मिक तथा ऐतिहासिक सम्पदाहरू, पुराना मन्दिर, गुम्बा, चर्च, मस्जिद, ऐतिहासिक गढी, ब्याहु कुवा तथा अन्य सांस्कृतिक धरोहरहरूको संरक्षण, संवर्द्धन र आवश्यक जीर्णोद्धार गरी तिनलाई आकर्षक पर्यटकीय

बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

मेघ बहादुर कवी
प्रमुख प्रशासकीय अधिकृत

गन्तव्यका रूपमा विकास गरिनेछ । स्थानीय पर्यटन प्रवर्द्धन मार्फत धार्मिक सहिष्णुता, सांस्कृतिक पहिचान र आर्थिक अवसरको विस्तारमा जोड दिइनेछ ।

२५.सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृतभरण पाउने बाहेक) व्यक्तिलाई **सामाजिक सुरक्षा कोषमा** आवद्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सभा सदस्यज्यूहरू,**

२६.**"अधुरा पहिले पूरा"** भन्ने मान्यतालाई आत्मसात गर्दै क्रमागत आयोजनाहरूलाई निर्धारित समयसीमाभित्र गुणस्तरीय रूपमा सम्पन्न गर्न आवश्यक साधन स्रोतको प्रभावकारी परिचालन गरिनेछ । अधुरा तथा रुग्ण आयोजनाहरूलाई प्राथमिकतामा राखी आवश्यक बजेट सुनिश्चित गरी आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने नीति लिइनेछ। स-साना टुक्रे आयोजनाहरूलाई निरुत्साहित गर्दै दीर्घकालीन महत्वका रणनीतिक सडकहरूको स्तरोन्नति तथा कालोपत्रे कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

२७.**'ग्रामीण सडक स्तरोन्नति कार्यक्रम'** लाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै नगरपालिकाभित्रका मुख्य तथा रणनीतिक सडकहरूको क्रमिक स्तरोन्नति, कालोपत्रे तथा बाह्रै महिना सुरक्षित र सहज आवागमन सुनिश्चित गरिनेछ । कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन तथा बजार केन्द्रहरूसँगको पहुँच अभिवृद्धि हुने गरी सडक सञ्जालको विस्तार र गुणस्तरीय पूर्वाधार विकासमा जोड दिइनेछ। यातायात पहुँचलाई थप सुरक्षित, भरपर्दो र दिगो बनाउन रणनीतिक महत्वका स्थानहरूमा आधुनिक प्रविधियुक्त पक्की पुल, कल्भर्ट तथा अन्य आवश्यक संरचनाहरू निर्माण गर्न पहल गरिनेछ।

२८.विकासको दिगोपना सुनिश्चित गर्न नगरपालिकाअन्तर्गत निर्माण भएका सडक, भवन तथा अन्य सार्वजनिक पूर्वाधारहरूको नियमित तथा समयमै मर्मत–सम्भार गरिनेछ। यसका लागि **मर्मत–सम्भार कोषलाई** थप सुदृढ, स्रोतसाधनयुक्त र प्रभावकारी रूपमा परिचालन गर्दै पूर्वाधारहरूको आयु वृद्धि, गुणस्तर संरक्षण तथा सेवा प्रवाहको निरन्तरता सुनिश्चित गरिनेछ। साथै, पूर्वाधार व्यवस्थापनलाई योजनाबद्ध, उत्तरदायी र दिगो बनाउँदै समयमै मर्मत–सम्भार गर्ने संस्कृतिको विकास गरिनेछ।

२९. भवन तथा सहरी विकासलाई सुरक्षित, व्यवस्थित, समावेशी र दिगो बनाउने उद्देश्यका साथ भूकम्प प्रतिरोधी भवन निर्माण आचारसंहिता तथा प्रचलित भवन मापदण्डहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन गरिनेछ। नयाँ निर्माण हुने भवन तथा सार्वजनिक पूर्वाधारहरूलाई अपाङ्गतामैत्री, लैंगिकमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा वातावरणमैत्री बनाउँदै सार्वभौमिक पहुँच (Universal Accessibility) का सिद्धान्त अनुरूप निर्माण गरिनेछ । सुरक्षित बस्ती विकास, हरित पूर्वाधार प्रवर्द्धन तथा जलवायु उत्थानशील सहरी विकासलाई प्राथमिकता दिइनेछ ।

३०.नगरपालिकाबाट सञ्चालित विकास निर्माणका कार्यहरू निर्धारित गुणस्तर, लागत र समयसीमाभित्र सम्पन्न गराउने व्यवस्था सुदृढ गरिनेछ । समयमै तथा गुणस्तरीय रूपमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन र सम्मान प्रदान गरिनेछ भने सम्झौता बमोजिम कार्य नगर्ने, ढिलासुस्ती गर्ने तथा गुणस्तरहीन कार्य गर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन र सम्झौताका शर्तअनुसार कारबाही गरिनेछ ।

३१.**'उज्यालो नगरपालिका'** अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै राष्ट्रिय प्रसारण लाइन नपुगेका बस्तीहरूमा विद्युत् सेवा विस्तार तथा पहुँच सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय र पहल गरिनेछ। साथै, विद्यमान विद्युत् वितरण प्रणालीको स्तरोन्नति, ट्रान्सफर्मर क्षमता वृद्धि, जीर्ण लाइनको सुधार तथा गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गरी नागरिकको जीवनस्तर तथा आर्थिक गतिविधिमा सकारात्मक योगदान पुर्‍याइनेछ।

नर बहादुर बली
प्रमुख प्रशासकीय अधिकृत

सभा सदस्यज्यूहरु,

३२. बाँसगढी माटो: समृद्धिको बाटो ; जैविक मल उत्पादन तथा प्रयोग मार्फत जैविक खेती प्रणाली प्रबर्द्धन गर्न जैविक खेती रणनीति तयार गरी कार्यन्वयन गरिनेछ। माटोको उत्पादन र उत्पादकत्व बृद्धि गरी आधुनिक खेती प्रणालीबाट ब्यवसायिक कृषि प्रवर्धन गरिनेछ। कृषि खेतीलाई ब्यवसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मूल्यका खेतीबाली तथा पशुपालनमा जोड दिइनेछ।

३३. भू-उपयोग योजना तर्जुमा गरी जमिनको बर्गिकरण तथा कृषियोग्य भूमिको संरक्षण गरिनेछ। 'जमिन बाँझो नराखौं' अभियान अन्तर्गत सामूहिक खेती र चक्लाबन्दी प्रोत्साहन गर्ने नीति लिइनेछ। परम्परागत तथा आधुनिक सिँचाइ प्रणालीको संरक्षण, स्तरोन्नति र विस्तार गर्दै बर्षेनी सिँचाइ सुविधा नपुगेका कृषि योग्य जमिनमा साना सिँचाइ आयोजना जस्तै कुलो, पोखरी, लिपट सिँचाइ, डिप बोरिङ,स्यालो ट्युवेल, वर्षे पानी संकलन प्रणाली विकास तथा संचालन गरिनेछ।

३४. किसानहरूलाई अनुदानमा उन्नत बीउबिजन, डिजिटल कृषि परामर्श सेवा, माटो परीक्षण घुम्ती शिविर र कृषक पाठशालाहरु सञ्चालन गरिनेछ। कृषिलाई आधुनिकरण तथा ब्यवसायिकरण गर्न कृषकहरुको आवश्यकता अनुसार कृषि यन्त्र उपकरण तथा कृषि सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। एकिकृत शत्रु जीव ब्यवस्थापन गर्दै विषादी रहित कृषि प्रणाली प्रबर्द्धन गर्न लक्षित कृषक प्रोत्साहन कार्यलाई अगाडि बढाइनेछ।

३५. कृषक तथा कृषि समूहहरूलाई शीत भण्डारण प्रयोगमा प्रोत्साहन गर्न सहुलियत शुल्क व्यवस्था, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादन केन्द्र र बजारबीचको आपूर्ति श्रृङ्खलालाई प्रभावकारी बनाउन संकलन केन्द्र (Collection Center) र शीत श्रृंखला (Cold Chain System) विकास गरिनेछ। यसरी कृषि उत्पादनको संरक्षण, मूल्य अभिवृद्धि र कृषकको आर्थिक सशक्तीकरणमार्फत स्थानीय कृषि अर्थतन्त्रलाई दिगो र प्रतिस्पर्धी बनाइनेछ।

३६. नगरपालिकामा सूचीकृत वास्तविक कृषकहरूको एकीकृत डिजिटल विवरण तयार गरी प्रत्येक कृषकलाई किसान परिचयपत्र प्रदान गरिनेछ। सोही परिचयपत्र तथा किसान डायरीका आधारमा मात्र कृषि अनुदान, मलखाद तथा अन्य कृषि सामग्री वितरण गरिने व्यवस्था थप प्रभावकारी बनाइनेछ। दोहोरो अनुदान प्राप्त गर्ने प्रवृत्ति नियन्त्रण गर्दै वास्तविक कृषकसम्म मात्र सेवा पुग्ने सुनिश्चितता गरिनेछ।

३७. **'पशुजन्य उत्पादनमा बृद्धि: आर्थिक उपार्जन सहितको समृद्धि'** भन्ने मान्यताका साथ स्वच्छ माछा, मासु, दुध, अण्डा, लगायतका उत्पादनमा आत्मनिर्भताको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। गाईभैंसी तथा बाख्राको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार कार्यक्रम व्यापक बनाइनेछ। पशु बीमाको प्रिमियममा नगरपालिकाले थप अनुदान दिने नीति लाई निरन्तरता दिइनेछ। पशुपालन गर्ने कृषकहरुलाइ जैविक तथा गोठे मल उत्पादन गरी प्रांगरिक कृषि प्रबर्द्धन गर्न प्रोत्साहन गरिनेछ।

३८. **'गोठदेखि ओठसम्म शुद्ध दूध'** अभियान अन्तर्गत गोठ सुधार र भ्याक्सिनेसन शिविर सञ्चालन गरिनेछ।

३९. **'उत्पादन साथमा: अनुदान हातमा'** को नीति अनुरुप उत्पादनमा आधारित अनुदान कार्यक्रमको संचालन तथा विगतका सफल कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। कृषि सामग्रीमा दिइने अग्रिम अनुदान हटाई धान, मकै, गहुँ, दुध, च्याउ, तरकारी, फलफूल लगायतका उत्पादक किसानलाई उत्पादनका आधारमा सिधै बैंक खातामा प्रत्यक्ष नगद प्रोत्साहन (Production-based Subsidy) कार्यक्रम क्रमशः लागु गरिनेछ। पशु विमा, पशु सुत्केरी प्रोत्साहन, गाई भैसी तथा बाख्रा स्रोत केन्द्रका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

४०. **'घरदैलोमा प्राविधिक सेवा; कृषि तथा पशुजन्य उत्पादनमा टेवा'** पुर्याउन किसानको घरदैलोमा कृषि तथा पशु सेवा प्राविधिक परिचालन गरिनेछ। रोग निवारणका लागि नि:शुल्क खोप तथा औषधी उपलब्ध गराइनेछ। नश्लसुधार, पशु आहारा, जैविक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

नव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**४१.ग्रामीण पर्यटनको प्रवर्द्धनका** लागि सांस्कृतिक गाउँहरू पहिचान गरी होमस्टे (Home Stay) सञ्चालनका लागि प्रोत्साहन गरिनेछ । थारु सस्कृति र होमस्टे प्रवर्धनका लागि होमस्टेहरुको स्तरोन्नती, प्रवर्धन र संचालनका लागि व्यवसायिक योजना निर्माण, वित्तीय तथा प्याकेज व्यवस्थापन तालिम प्रदान गरिनेछ ।

४२. नगरपालिकाभित्रका प्रमुख धार्मिक, ऐतिहासिक र प्राकृतिक स्थलहरू जोड्ने गरी पर्यटन पदमार्ग र सूचना केन्द्रको स्थापना गरिनेछ । बेलौली,लक्ष्मणपुर, मोतिपुर र च्यामा ताल जस्ता सिमसार क्षेत्रलाई समेटेर पर्यटन सर्किट बनाउने र राजमार्गका यात्रीहरुका लागि सुविधासम्पन्न पर्यटन पार्क र विश्रामस्थल निर्माण गरिनेछ ।

**४३.एक वडा, एक उत्पादन (OVOP) का लागि** स्थानीय कच्चा पदार्थ बाँस, केरा, जडीबुटी, पर्या-सामग्री मा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ । नवप्रवर्तनलाई प्रोत्साहन गर्न नवप्रवर्धनकारी व्यावसायिक योजना (Innovative Business Proposals) का आधारमा युवालाई स्टार्टप सहयोग र परामर्श सेवा उपलब्ध गराइनेछ।

४४.निष्क्रिय र स-साना सहकारीहरूलाई एकीकरण हुन प्रोत्साहन गरिनेछ। सहकारीहरूलाई उत्पादन, भण्डारण र प्रशोधन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । सहकारीहरूको पारदर्शी अनुगमनका लागि 'कोपेमिस' (COPOMIS) प्रणाली अनिवार्य रूपमा लागू गरिनेछ । सहकारीको क्षमता विकासका लागि मागमा आधारित क्षमता विकास तालिममा जोड दिइनेछ।

४५. रोजगारमुलक कार्यक्रमहरूलाई स्थानीय पूर्वाधार र कृषि उत्पादनसँग जोडिनेछ । रोजगार, सीप तथा उद्यमशिलता केन्द्र मार्फत श्रम बजारको माग अनुसारका सीपयुक्त र ब्यवसायिक जनशक्ति निर्माण गर्न प्लम्बिङ, टाइल मार्वल फिटिङ, इलेक्ट्रिक, मोबाइल मर्मत, डिजिटल मार्केटिङ,गार्मेन्ट, कृषि प्रविधि मर्मत तथा संचालन,फेसन डिजाइन, कटिङ बुटिक,हाते कडाई बुटिक, वारिष्ठा कफी बनाउने, मन्टेश्वरी, कुक लगायतका सम्भावनायुक्त क्षेत्रमा तालिम दिई **'सीप बैंक'** स्थापना गरी तालिम प्राप्त युवाहरूलाई स्थानीय स्तरमै रोजगारीको अवसर मिलाइनेछ।

४६.युवाहरूलाई स्वदेशमै रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्न **'युवा उद्यमशीलता'** का लागि सिपमूलक तथा व्यवसायमुलक तालिमलाई निरन्तरता दिइनेछ । संघ, प्रदेश सरकार, दातृ निकाय, गैरसरकारी संस्था तथा वित्तीय संस्थाहरुको सहकार्यमा सहुलियतपूर्ण कर्जा, व्यवसाय सुरुवाती कर्जा तथा व्यवसाय योजना सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिनेछ।

४७.सुरक्षित बैदेशिक रोजगारी र बैदेशिक रोजगार वोर्डले उपलब्ध गराउने कल्याणकारी सेवा सुविधाबारे जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । अनौपचारिक क्षेत्रका श्रमिकहरु माथि हुने ठगी तथा शोषण रोकथामका लागि नगरपालिका क्षेत्रभित्र श्रम अनुगमन तथा दुर्घटना बिमा कार्यलाई निरन्तरता दिइनेछ । बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप, अनुभव र पुँजीलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्न परियोजना विकास, साझेदारी र पुन: एकिकरण कार्यक्रम संचालन गरिनेछ।

४८.युवा, विद्यार्थी तथा उद्यमी/व्यवसायीहरूमा वित्तीय ज्ञान, सीप र सचेतना अभिवृद्धि गरी जिम्मेवार वित्तीय व्यवहारको विकास गर्न वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । बचत, लगानी, उद्यमशीलता, बैंकिङ सेवा, डिजिटल वित्तीय कारोबार तथा वित्तीय जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान प्रदान गरी आत्मनिर्भर, उत्पादनशील र आर्थिक रूपमा सशक्त नागरिक निर्माणमा जोड दिइनेछ ।

४९.कृषि क्षेत्रको उत्पादनशीलता, व्यावसायीकरण तथा खाद्य सुरक्षा अभिवृद्धि गर्न लिफ्ट सिँचाइ, भूमिगत सिँचाइ, पोखरी निर्माण तथा संरक्षण, वर्षा पानी संकलन र जलस्रोत व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा विस्तार गरी बहुखेती प्रणाली, उच्च मूल्यका बाली उत्पादन तथा कृषकको आयवृद्धिमा टेवा पुऱ्याइनेछ।

सभा सदस्यज्यूहरु,

५०. जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना (LAPA) तथा पूर्वानुमानमा आधारित पूर्वतयारी (Anticipatory Action) कार्यढाँचा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । जलवायुजन्य विपद् तथा जोखिमको पूर्वानुमान, पूर्वतयारी, शीघ्र प्रतिकार्य र समुदायको उत्थानशीलता (Resilience) अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

५१. नगरनगरपालिका क्षेत्रभित्र रहेका तालतलैया, पोखरी, कुवा, इनार, सिमसार, पानीका मुहान तथा अन्य प्राकृतिक जलस्रोतहरूको पहिचान, अभिलेखीकरण, संरक्षण र पुनर्जीवन गरिनेछ। वर्षा पानीको संरक्षण तथा भूमिगत जलभण्डार पुनर्भरण (Groundwater Recharge) गर्न रिचार्ज पोखरी (Recharge Ponds), जलसञ्चय संरचना तथा जलाधार संरक्षणका कार्यक्रम सञ्चालन गरी दीगो जलस्रोत व्यवस्थापन, खानेपानी सुरक्षा र वातावरणीय सन्तुलन कायम गरिनेछ।

५२. मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जैविक विविधता संरक्षणलाई प्राथमिकतामा राखी वन क्षेत्र तथा द्वन्द्व प्रभावित स्थानहरूमा जैविक तारबार, तारजाली तथा अन्य उपयुक्त संरक्षण संरचनाहरू निर्माण गरिनेछ। वन्यजन्तुबाट हुने मानवीय, कृषि तथा पशुधन क्षतिलाई न्यूनिकरण गर्न स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह तथा वडा स्तरीय हरित स्वयंसेवक समूहलाई सक्रिय रूपमा परिचालन गरिनेछ। साथै, वन्यजन्तु संरक्षण, समुदायमा सचेतना अभिवृद्धि, जोखिम व्यवस्थापन तथा सहअस्तित्व प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी मानव र वन्यजन्तुबीचको सहअस्तित्वलाई सुदृढ बनाइनेछ।

५३. नदी तथा खोलाका किनारहरूमा हुने कटान, बाढीजन्य जोखिम तथा भू–क्षय न्यूनीकरण गर्न तटबन्ध निर्माण कार्यलाई वातावरणमैत्री तथा दिगो प्रविधिमा आधारित बनाइनेछ। तटबन्ध निर्माणका क्रममा बायो–इन्जिनियरिङ प्रविधि, स्थानीय अनुकूल प्रजातिका बोटबिरुवा रोपण, बाँसजन्य संरचना, जैविक तारबार तथा अन्य प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) को प्रयोगलाई प्राथमिकता दिइनेछ। यसका माध्यमबाट नदी तटीय क्षेत्रको संरक्षण, जैविक विविधताको प्रवर्द्धन, हरित पूर्वाधार विकास तथा वातावरणीय सन्तुलन कायम गर्दै जलवायु उत्थानशील र दिगो नदी व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ।

५४. 'एक नागरिक, एक विरुवा' अभियान संचालन गरिनेछ । विपद् पूर्वतयारीका लागि 'विपद् व्यवस्थापन कोष' सुदृढ गर्दै खोज तथा उद्धार सामग्री सहितको नगर स्वयंसेवक दल (City Volunteers) तयारी अवस्थामा राखिनेछ । स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) लाई थप व्यवस्थित गरी आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा राखिनेछ ।

५५. घरायसी श्रम, समय तथा स्वास्थ्यमा पर्ने बोझ न्यूनीकरण गर्दै स्वच्छ, सुरक्षित र वातावरणमैत्री जीवनशैली प्रवर्द्धन गर्न नवीकरणीय तथा वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। यसका लागि स्वच्छ चुलो, विद्युतिय चुलो सुधारिएको चुलो, बायोग्यास, सौर्य ऊर्जा तथा अन्य स्वच्छ ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धनमा सम्बन्धित निकाय तथा विकास साझेदारहरूसँग सहकार्य गरिनेछ। स्वच्छ ऊर्जा प्रविधिको प्रयोगमार्फत दाउरा तथा परम्परागत इन्धनमा निर्भरता घटाई  स्वास्थ्य संरक्षण, समयको बचत, वातावरणीय प्रदूषण न्यूनीकरणमा योगदान पुर्‍याइनेछ।

५६. सामुदायिक वन, निजी वन तथा राष्ट्रिय वनसँग समन्वय र सहकार्य गर्दै कृषि–वन (Agroforestry) प्रणालीको विकास तथा विस्तार गरिनेछ । कृषि उत्पादन, वन संरक्षण र वातावरणीय सन्तुलनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्दै कृषियोग्य जमिनमा फलफूल, घाँस, काठ तथा अन्य बहुउपयोगी वनस्पतिको उत्पादनलाई प्रोत्साहन गरिनेछ । कृषि–वन प्रणालीमार्फत किसानको आयआर्जन वृद्धि, जैविक विविधता संरक्षण, माटो तथा जल संरक्षण,

गेम बहादुर मल्ली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनमा योगदान पुऱ्याउँदै दिगो प्राकृतिक स्रोत व्यवस्थापन तथा हरित अर्थतन्त्रको विकासलाई प्रवर्द्धन गरिनेछ ।

५७. कानून र मानव अधिकार प्रतिको संवेदनशीलतालाई आत्मसात गरी पीडितको खोज, उद्धार, राहत, पुर्नस्थापना र संरक्षणमा सुरक्षा निकाय, मानव अधिकारकर्मी र सरोकारवालाहरु बीच समन्वय एवम् सहकार्यको नीति लिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

५८. जन्म, मृत्यु, विवाह, बसाईसराइ तथा सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाको अनिवार्य तथा समयमै दर्ता सुनिश्चित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। घटना भएको ३५ दिनभित्र दर्ता गर्ने नागरिकलाई प्रोत्साहन तथा ढिलो दर्ता गर्ने प्रवृत्ति न्यूनीकरणका लागि कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । वडा तहबाट सहज, छिटोछरितो र प्रविधिमैत्री सेवा प्रवाह गरी शतप्रतिशत व्यक्तिगत घटना दर्ता सुनिश्चित गरिनेछ ।

५९. डिजिटल सुशासन, प्रभावकारी सेवा प्रवाह तथा सूचना-प्रविधिमा नागरिकको पहुँच अभिवृद्धि गर्न नगरपालिका तथा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र अन्य सार्वजनिक सेवा केन्द्रहरूमा भरपर्दो तथा उच्च गतिको इन्टरनेट सेवा विस्तार र सुदृढीकरण गरिनेछ। सूचना-प्रविधिमा आधारित सेवा प्रवाहलाई प्रवर्द्धन गर्दै प्रशासनिक कार्यसम्पादन, स्वास्थ्य सेवा, शिक्षण सिकाइ तथा नागरिक सेवाहरूलाई थप छिटो, गुणस्तरीय, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।

६०. स्थानीय तह कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) र वित्त आयोगको कार्यसम्पादन मुल्यांकनमा पहिचान भएका कमजोर पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण गरी स्पष्ट कार्ययोजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । सुशासन, सेवा प्रवाह, वित्तीय व्यवस्थापन, पारदर्शिता, उत्तरदायित्व तथा संस्थागत क्षमतामा निरन्तर सुधार गर्दै स्थानीय सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी, नागरिकमैत्री, जवाफदेही र नतिजामुखी बनाइनेछ ।

६१. **'हातहातमै स्थानीय सरकार'** को अवधारणालाई कार्यान्वयन गर्दै सूचना तथा सञ्चार प्रविधिमा आधारित नागरिकमैत्री सेवा प्रवाहलाई सुदृढ गरिनेछ । ई-शासन तथा अन्य विद्युतीय माध्यममार्फत सिफारिस, गुनासो दर्ता तथा सुनुवाइ, कर तथा राजस्व भुक्तानी, सूचना प्राप्ति लगायतका सेवाहरू सहज, छिटोछरितो, पारदर्शी र पहुँचयोग्य बनाइनेछ । डिजिटल सुशासन तथा कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न नगरपालिका तथा मातहतका सबै कार्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली (Electronic Attendance System) विस्तार तथा अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

६२. सुशासन, जवाफदेहीता र पारदर्शिता सुनिश्चित गर्न प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ साथै चौमासिक रूपमा सार्वजनिक सुनुवाइ र वार्षिक रूपमा सामाजिक परीक्षण (Social Audit) अनिवार्य रूपमा सञ्चालन गरिनेछ। नागरिक बडापत्रलाई थप प्रभावकारी, पहुँचयोग्य र आधुनिक बनाउन डिजिटल तथा अडियो-भिजुअल माध्यममा रूपान्तरण गरी सेवाग्राहीमैत्री बनाइनेछ।

६३. सार्वजनिक खरिद प्रक्रियालाई थप प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी र प्रविधिमैत्री बनाउन E-bidding प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। साथै, सार्वजनिक स्रोत साधनको उचित उपयोग र सुशासन प्रवर्द्धनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूको आचारसंहितालाई कडाइका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

बहादुर वली
अधिकृत

CamScanner

६४. कर्मचारी तथा जनप्रतिनिधिहरूको संस्थागत क्षमता विकासको लागि तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण तथा सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ। सेवा प्रवाहलाई प्रभावकारी, छरितो, पारदर्शी र नागरिकमैत्री बनाउँदै विकास व्यवस्थापनलाई योजनाबद्ध, परिणाममुखी र उत्तरदायी बनाइनेछ। सुशासन, सार्वजनिक सेवा प्रवाह, वित्तीय व्यवस्थापन, योजना कार्यान्वयन तथा डिजिटल प्रणालीको प्रयोगमा दक्षता अभिवृद्धि गर्दै कार्यसम्पादन क्षमता र प्रभावकारिता निरन्तर सुधार गरिनेछ।

६५. नगरनगरपालिकामा कार्यरत कर्मचारीहरूको मनोबल, कार्यसम्पादन क्षमता, उत्पादकत्व तथा सेवाप्रवाहको गुणस्तर अभिवृद्धि गर्न प्रचलित कानुन, आर्थिक क्षमता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा तलब, भत्ता तथा प्रोत्साहनका व्यवस्थालाई क्रमशः सुदृढ गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई विशेष प्रोत्साहन तथा सम्मान गरिनेछ। संघीय तथा प्रदेश सरकारबाट निर्धारित तलबमान र सेवा सुविधालाई कार्यान्वयन गरिनेछ। नगरनगरपालिकाको आर्थिक अवस्था र कानुनी व्यवस्था अनुसार कर्मचारीहरूको तलब तथा सुविधा पुनरावलोकन गरिनेछ।

६६. नगरनगरपालिकाका सम्पूर्ण आन्तरिक प्रशासनिक कार्यहरू राष्ट्रिय एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत सञ्चालन गरिनेछ। डिजिटल हस्ताक्षर (Digital Signature) र ई-फाइलिङ प्रणाली लागू गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ। नगरपालिकाले संचालनमा ल्याएको ई – शासन/ डिजिटल बाँसगढी प्रणाली पूर्णरुपमा कार्यान्वयन गर्दै नागरिकका सामान्य सोधपुछ सम्बोधन र सेवा सम्बन्धी सूचनाका लागि नगरपालिकाको वेबसाइट, 'AI च्याटबट' (AI Chatbot) लगायतका स्वचालित डिजिटल सूचना प्रणाली जडान गरिनेछ।

६७. **"करको दर होइन, करको दायरा विस्तार"** भन्ने नीतिलाई आत्मसात गर्दै राजस्व प्रणालीलाई थप सुदृढ बनाइनेछ। व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सहज, सरल र करदातामैत्री बनाइनेछ। सम्पत्ति कर, बहाल कर तथा व्यवसाय कर संकलनलाई पूर्ण रूपमा डिजिटल प्रणाली (E-Payment) मार्फत सञ्चालन गरी पारदर्शिता, सहजता र राजस्व संकलनको प्रभावकारिता वृद्धि गरिनेछ। राजश्व प्रशासनको क्षमता अभिवृद्धि गरी करदाता शिक्षालाई अभियानको रुपमा संचालन गरिनेछ।

६८. करलाई दायित्व मात्र नभई विकासप्रतिको अपनत्व र सहभागिताको माध्यमका रूपमा रूपान्तरण गर्दै **"समृद्ध बाँसगढीका लागि साझा योगदान"** भन्ने भावनालाई आत्मसात गरिनेछ। व्यवसायिक कृषि फर्म, थारु होमस्टे तथा घरेलु उद्योगहरूको प्रवर्द्धन, महिला तथा युवा स्टार्टअपहरूलाई सहुलियत, अग्रिम कर बुझाउने करदातालाई प्रोत्साहन, लक्षित वर्ग तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कर छुट साथै पुराना बक्यौतामा जरिवाना वा हर्जाना मिनाहा जस्ता कार्यक्रमहरू मार्फत व्यवहारिक कर सहुलियतका नीतिहरू अवलम्बन गरिनेछ।

६९. आयोजना समयमै सम्पन्न गर्ने कार्य संस्कृतिको विकास गर्दै रकमान्तर गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। विगतका बेरुजु फछर्यौटका लागि विशेष कार्यदल गठन गरी प्रभावकारी कार्यान्वयन मार्फत "शून्य बेरुजु" को लक्ष्य हासिल गर्ने नीति लिइनेछ। सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय सुशासन तथा बेरुजु न्यूनिकरणका विषयमा कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरी आन्तरिक नियन्त्रण प्रणालीको सवलिकरण मार्फत वित्तीय सुशासनलाई थप सुदृढ बनाइनेछ।

७०. नगरभित्र सञ्चालनमा रहेका अटो रिक्सा तथा ई-रिक्सालाई नियमनको दायरामा ल्याई रुट परमिट प्रणाली लागू गर्दै भाडादरमा एकरूपता कायम गरिनेछ। व्यवस्थित पार्किङ व्यवस्थापन गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। अटो ब्यवसायीहरुलाई अनिवार्यरुपमा बीमामा आबद्ध हुन प्रोत्साहित गर्ने तथा वीमा प्रदायक संस्थासँग सहजिकरण गरी सहज वीमादावि प्रक्रियामा समन्वय गरिनेछ। दुर्घटना न्यूनिकरणका लागि

नगर कार्यपालिकाको कार्यालय

... बहादुर बली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पुऱ्याउन र स्थानीय सरकारको सान्दर्भिकता पुष्टि गर्न यो नीति कोशेढुङ्गा सावित हुनेछ । संविधानले सुम्पेका जिम्मेवारीहरू पूरा गर्दै दिगो विकासका लक्ष्यहरू पहिल्याउँदै १६औं योजनाका रणनीतिहरूलाई आत्मसात गरी यस नगरपालिकालाई देशकै अग्रणी, सुशासित र आर्थिक रूपले समृद्ध बनाउन हामी कटिबद्ध छौँ । यस नीति तथा कार्यक्रम तर्जुमामा रचनात्मक सल्लाह, सुझाव र प्रतिकृया दिई अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी संयन्त्र, राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, सञ्चारकर्मी र आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु साथै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्यिनमा समेत यहाँहरुको सकृय एवंम रचनात्मक सहभागिता भई सुमधुर सहकार्य हुने विश्वास लिएको छु ।

धन्यवाद !

नगर प्रमुख

**स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने**

बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाँसगढी, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नाम,थर : नेब बहादुर वली

कार्यपालिका सचिव एबं प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३।०३।०५ गते

नेब बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बैठक बसि देहायका प्रशताव उपर छलफल गरि निर्णय गरियो ।

बैठक नं. १५२

मिति:-२०८३/०३/०५

समय:- दिनको ८:०० बजे

स्थान:- नगर कार्यपालिका भवन बाँसगढी ,बर्दिया

<u>बैठकमा भएको उपस्थिति:</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |
| १६ | जेनिसा वली | कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | गगन सिं बि. क. | कार्यपालिका सदस्य | |
| १८ | याम बहादुर सुनार | कार्यपालिका सदस्य | |
| १९ | भद्र  बहादुर परियार | कार्यपालिका सदस्य | |
| २० | नेब बहादुर वली | सचिव | |

**बैठक व्यवस्थापनमा उपस्थित कर्मचारीहरु**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| १ | खड्ग प्र. वली | व.प्र.अ. | | |
| २ | शेर बहादुर वि.सी. | व.ले.प. | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |